# विरहिणी दमयन्ती कथामा रैखिक कथानकीय ढाँचा र एकल पात्रीय पद्धतिको प्रयोग

**त्रिभुवन बरई**

Department of Nepali
Bhairahawa Multiple Campus, Nepal

*Submitted: 19 Nov. 2025*
*Reviewed : 21 Dec. 2025*
*Accepted : 29 Dec. 2025*

***DOI:*** *10.3126/kdk.v6i1.90144*

***Corresponding Author:***

Tribhuwan Barai
***Email:*** tribhuwanbarai455@gmail.com

**ORCID:** *https://orcid.org/0009-0002-8900-9986*

*Copyright 2026 © the Author (s) and the Publisher*

**कौमोदकी**
***Kaumodaki***
**Journal of Multidisciplinary Studies**
A Peer-Reviewed, Open Access Journal
**ISSN :**
2822 - 1567 (Print)
2822 - 1583 (Online)
https://www.nepjol.info/index.php/kdk/about

**Published by :**
Research Management Cell
Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**लेखसार :** *प्रस्तुत लेखमा कथानकको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा मदनमणि दीक्षितद्वारा लिखित 'विरहिणी दमयन्ती' कथाको कथानकनिर्मितिमा अवलम्बित पद्धतिको अध्ययन गरिएको छ । 'विरहिणी दमयन्ती' कथाको कथानकनिर्मितिमा प्रयुक्त रैखिक कथानकीय ढाँचा र एकल पात्रीय पद्धति पहिल्याउनाका निम्ति यो अध्ययन गरिएको हो । प्राथमिक एवम् द्वितीयक स्रोतका सामग्रीको उपयोग गरी कथानकको सैद्धान्तिक पर्याधारलाई आधार बनाई गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्ण बनाइएको छ । रैखिक कथानकीय ढाँचागत पद्धतिको प्रयोग तथा कथानकनिर्मितिमा एकल पात्रीय पद्धतिको प्रयोग गरी दुईओटा सूचकका केन्द्रीयतामा प्रस्तुत कथाको मूल्याङ्कन यस लेखमा गरिएको छ । यस लेखको अन्त्यमा रैखिक कथानकीय ढाँचा र एकमात्र पात्रको सर्वोपरिताका माध्यमबाट यस कथाको कथानकनिर्मिति गरिएको एवम् उक्त पद्धतिको प्रयोगले प्रस्तुत कथाको कथानक सुगठित, एकान्वितिपूर्ण, प्रभावकारी, जीवन्त र कलात्मक बनेको, यस्तो कथानकको निर्मिति गर्ने विशिष्ट सिर्जनात्मक सामर्थ्य कथाकार मदनमणि दीक्षितमा निहित रहेको तथा कथाकारलाई एकल पात्रको केन्द्रीयतामा कथाको कथानकको निर्मिति, समालोचक र अध्येतालाई उक्त कथानकीय पद्धतिको केन्द्रीयतामा कथाको कथानकको अध्ययन एवम् मान्छे सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणकारी विचारबाट अभिप्रेरित हुनुपर्ने विमर्श प्रवाहित गर्ने कार्यमा सघाउने निष्कर्ष प्राप्त भएको छ ।*

**मुख्य शब्दावली :** अन्य सङ्कटावस्था, अभिमुखीकरण, चरमोत्कर्षता, सङ्घर्षविकास, सङ्घर्षह्रास ।

**विषयपरिचय**

नारी प्रेम र सङ्घर्षकी प्रतिमूर्ति भएको विषयवस्तुको केन्द्रीयतामा रचित 'विरहिणी दमयन्ती' नेपाली साहित्यका विशिष्ट कथाकार मदनमणि दीक्षितद्वारा लिखित कथा हो । यो कथा *महाभारत*मा अङ्कित राजा नल र रानी दमयन्तीसँग सम्बन्धित छ । महिलाले आफ्नो साहस, आत्मबल, विवेक,

युक्ति, संवेदनशीलता, पातिव्रत्य, प्रेम र सङ्घर्षका माध्यमबाट समग्र मानवसमुदायका निम्ति अनुकरणीय र प्रेरणादायी काम गर्न सक्छन् भन्ने विषयवस्तुको चित्रणमा आधारित यस कथाका माध्यमबाट कथाकार दीक्षितले नारीशक्तिको प्रस्तुति गरेका छन् । अतः नारी समुदायको महिमाको प्रस्तुतिमा आधारित प्रस्तुत कथाका विषयमा अनुसन्धानपरक अध्ययन हुनु आवश्यक देखिन्छ ।

कथाको आद्यन्त भागका कार्यव्यापार र घटनावलीको तारतम्यता मिलेको तथा एकमात्र पात्रको केन्द्रीयतामा निर्मित कथानकीय पद्धतिका रूपमा रैखिक कथानकीय ढाँचा र एकल पात्रीय पद्धति रहेको छ । यस पद्धतिले कथानकीय अनुक्रम मिलेको तथा एउटै व्यक्तिको सेरोफेरोमा कथानकको निर्मिति गर्नुपर्ने मान्यता राख्दछ । कलात्मक गद्य भाषामा संरचित लघु आख्यानयुक्त श्रव्यपाठ्य साहित्यिक विधा नै कथा हो । यस्तो वैशिष्ट्य अवलम्बन गर्ने एउटा महत्त्वपूर्ण कथाका रूपमा मदनमणि दीक्षितको ‘विरहिणी दमयन्ती’ कथा रहेको छ । स्वतन्त्र लेखनपद्धतिमा आधारित केही अध्ययन गरिए पनि कथानकको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा यस कृतिको गहन अध्ययन गर्ने कार्यको अभाव देखिन्छ । यसै अभावको परिपूर्तिका निम्ति यो अध्ययन गरिएको हो । अतः कथानकको सैद्धान्तिक अवधारणाका आधारमा उक्त कथाको मूल्याङ्कन गर्नुलाई यस लेखको मुख्य प्राज्ञिक समस्याका रूपमा वरण गरिएको छ । मदनमणि दीक्षितको ‘विरहिणी दमयन्ती’ कथाको कथानकनिर्मितिमा प्रयुक्त रैखिक कथानकीय ढाँचा र एकल पात्रीय पद्धतिको विश्लेषण गर्नुलाई यस लेखको उद्देश्य बनाइएको छ ।

मौलिक अध्ययन पद्धति अपनाई पूर्णता प्रदान गरिएको प्रस्तुत लेखले स्रष्टालाई एकल पात्रको केन्द्रीयतामा निर्मिति गर्ने कथानकीय पद्धतिको प्रयोग गर्ने विधि अपनाई कथाको सिर्जना तथा समालोचक र अध्येतालाई उक्त पद्धतिको केन्द्रीयतामा कथाको मूल्यनिरूपण गर्ने कार्यमा सघाउने भएकाले पुस्तकालयीय प्रयोजनका दृष्टिकोणले प्रस्तुत अध्ययन उपादेयपूर्ण रहेको कुरा छर्लङ्ग हुन्छ । मदनमणि दीक्षितको ‘विरहिणी दमयन्ती’ कथाको मात्र अध्ययन गर्नुलाई यस लेखको कृतिगत तथा रैखिक कथानकीय ढाँचाको प्रयोग र कथानकनिर्मितिमा एकल पात्रीय पद्धतिको प्रयोग गरी दुईओटा विश्लेषणीय प्रारूपको मात्र उपयोग गर्नुलाई यस लेखको सैद्धान्तिक क्षेत्र मानिएको छ भने मदनमणि दीक्षितको ‘विरहिणी दमयन्ती’ कथाबाहेकका अन्य कृति तथा कथानकअन्तर्गतका उपर्युक्त प्रारूपबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई यस लेखको क्रमशः कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा अवलम्बित सामग्रीसङ्कलन, सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूप र विधिलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### *सामग्रीसङ्कलन*

प्रस्तुत लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा आधारभूत सामग्रीका रूपमा मदनमणि दीक्षितको ‘विरहिणी दमयन्ती’ कथाको प्रयोग गरिएको छ । उक्त सामग्रीको चयनमा सोद्देश्य नमुना छनोट विधिको उपयोग गरिएको छ । सहायक सामग्रीका रूपमा कथानकको सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूप र विधिको निर्धारण गर्नाका निम्ति विभिन्न लेखक एवम् अध्येताद्वारा गरिएका पूर्वकार्यहरूलाई उपयोगमा ल्याइएको छ ।

## *सैद्धान्तिक पर्याधार*

कथाको आद्यन्त भागमा घटित घटना र सम्पन्न कार्यव्यापार पहिल्याउने तथा कथानकको विकास र योजनाका विषयमा दिशानिर्देश गर्ने कथाका संरचनाअन्तर्गतको एक महत्त्वपूर्ण उपकरण नै कथानक हो । कथाको संरचनाअन्तर्गत कथानक, दृष्टिविन्दु, पात्र र सारवस्तु गरी चारओटा तत्त्वहरू रहेका छन् (श्रेष्ठ, २०६६, पृ.२१-४७) । यी तत्त्वहरूमध्ये कथानक पनि एक हो । इतिहास, यथार्थ, रागभाव र स्वैरकल्पनालाई कथानकको स्रोत मानिन्छ (शर्मा, २०६३, पृ.३८२) । कथाकारले वस्तुजगत्‌बाट सारभूत घटनाहरू प्राप्त गरी चयन र क्रमाङ्कको सिद्धान्तमा केन्द्रित रही व्यवस्थित कथानकको निर्मिति गर्दछ (श्रेष्ठ, २०६६, पृ.२२) । क्रियाव्यापार र द्वन्द्व कथानकका निर्माणकारी तत्त्व मानिन्छन् (श्रेष्ठ, २०६६, पृ.२२) । क्रियाव्यापारले द्वन्द्व र द्वन्द्वले क्रियाव्यापारको सिर्जना गर्ने र त्यसैको परिणतिस्वरूप कथानकको निर्मिति हुने गर्दछ । द्वन्द्व आन्तरिक र बाह्य गरी प्रमुख दुई प्रकारका हुन्छन् भने बाह्य द्वन्द्वका व्यक्ति र व्यक्ति, व्यक्ति र समाज, राज्य र राज्य, व्यक्ति र प्रकृति, व्यक्ति र भाग्य तथा आन्तरिक द्वन्द्वका चेतन र अचेतन मन, इद र पराअहम्‌बिचको द्वन्द्वजस्ता उपप्रकार पनि देखिन्छन् (बराल, २०६९, पृ.६२- ६३) । कथानक हुनाका लागि कुनै पनि घटनामा 'कसरी' र 'किन' प्रश्नको जवाफ आउनैपर्दछ (नेपाल, सन् २०११, पृ.४१) । कथानकलाई आत्मकथा, संवाद र वर्णनका रूपमा प्रस्तुत गर्न सकिन्छ (रामप्रकाश, सन् १९९४, पृ.१७८) । पात्रहरूको भनाइ (जे भन्दछन्), गराइ (जे गर्दछन्) र सोचाइ (जे सोच्दछन्) को परिणामबाट क्रियाव्यापारको निर्माण हुन्छ (श्रेष्ठ, २०७९, पृ.२३) । कथानक प्रस्तुतिका उपायसमेत मानिने गराइ, भनाइ र सोचाइमा सर्वाधिक क्रियाशील र संलग्न रहने पात्र कथानकको केन्द्रीय पात्र हुन्छ । कथाका घटना र कार्यव्यापार सहज, स्वाभाविक र विश्वसनीय हुनुपर्दछ (थापा, २०६६, पृ.१४७) । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा कथाको कथानकका द्वन्द्व र कार्यव्यापार तथा गराइ, भनाइ र सोचाइमा बढी क्रियाशील रहने पात्रको कथानकनिर्मितिमा केन्द्रीय भूमिका रहने सार प्राप्त हुन्छ ।

क्रियाव्यापार र घटनाविन्यासका आधारमा कथानक रैखिक र वृत्ताकारीय गरी प्रमुख दुई प्रकारको हुन्छ । जीवनको सहजता र सरलताको प्रस्तुति गर्ने तथा कथाको आद्यन्त भागमा घटित घटना र सम्पन्न क्रियाव्यापारको शृङ्खलाबद्धतामा आधारित कथानक रैखिक कथानक हो । यस्तो कथानक चयन र क्रमाङ्कको सिद्धान्तमा सुगठित हुन्छ (श्रेष्ठ, २०६६, पृ.२२) । कथानकमा घटनाहरूको सुनियोजित सङ्गठन हुनुपर्ने, एक घटनाले अर्का घटनाको निर्मिति गर्नुपर्ने र यसो भएपछि अन्त्यमा एक सम्पूर्णताका रचना हुने तथा घटना र कार्यव्यापारका बिचमा एकान्विति हुनुपर्ने विचार अरिस्टोटलको रहेको छ (गुप्त, सन् २००६, पृ.१९ मा उद्धृत) । आख्यानका घटना र क्रियाकलापको व्यतिक्रमलाई प्राथमिकता दिने कथानक नै वृत्ताकारीय कथानक हो । कथाकारले आवश्यकताअनुसार कथानकको कहीँ शृङ्खलाबद्ध, कहीँ विशृङ्खलित र कहीँ क्षीण स्वरूपको प्रयोग गर्दछ (जैन, सन् २०००, पृ.१५) । उपर्युक्त तथ्यले कथानकीय विन्यासका आधारमा कथानक रैखिक र वृत्ताकारीय गरी दुई प्रकार रहेको कुरालाई प्रस्ट्याएका छन् ।

कथानकका आदि, मध्य र अन्त्य गरी तीन भाग हुन्छन् । कथाको कथानकको आरम्भदेखि सङ्घर्ष विकाससम्मका कार्यव्यापार कथानकको आदिभागमा पर्दछन् । यस भागअन्तर्गत अभिमुखीकरण, प्रस्तावना, पात्रपरिचय र सङ्घर्षविकास पर्दछन् । यसैगरी कथाको कथानकको सङ्घर्ष विकासदेखि चरमोत्कर्षतासम्मका

घटनावली कथानकको मध्यभागअन्तर्गत समेटिन्छन् । यस भागअन्तर्गत अन्य सङ्कटावस्था र चरमोत्कर्षता पर्दछन् । त्यसैगरी चरमोर्त्षताको समाप्तिदेखि फलागमसम्मका घटनावली कथानकको अन्त्यभागअन्तर्गत समाहित हुन्छन् । कथानकको अन्त्यभागअन्तर्गत सङ्घर्षह्रास, फलप्राप्ति, पुष्टीकरण र निष्कर्षण पर्दछन् । चर्को सङ्घर्ष मत्थर भएको अवस्था नै सङ्घर्षह्रास हो (शर्मा, २०७८, पृ.९५) । कथानकको प्रारम्भभागमा पात्रलाई कुनै समस्याको द्वन्द्वमा पारिएको, मध्यभागमा पात्रलाई त्यस समस्यासँग चरम द्वन्द्व गरिरहेको अवस्थामा पारिएको तथा अन्त्यभागमा त्यस समस्यामाथि पूर्ण विजय प्राप्त गरेको वा स्वयम् पराजित भई चरम द्वन्द्व सहन विवश भएको अवस्थामा पुऱ्याइएको हुन्छ (श्रेष्ठ, २०३९, पृ.२५) । उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा कथानकका तीनओटै भागका उल्लिखित पक्षहरूको केन्द्रमा रहने पात्रको केन्द्रीयतामा कथानकको निर्मिति गरिने सार प्राप्त हुन्छ ।

कथाको कथानकनिर्मितिमा एकल र बहुल पात्रीय पद्धतिको प्रयोग गरिन्छ । एकल पात्रीय पद्धतियुक्त कथाको कथानकनिर्मितिमा एकमात्र पात्रको केन्द्रीयता कायम गर्ने, उसकै जीवनका कथाव्यथा, आरोहअवरोह, जीवनभोगाइ, अनुभूति आदिलाई सर्वोपरि महत्त्व दिने तथा उसकै यथेष्ट चारित्रिक विकासका निम्ति उसकै केन्द्रीयतामा अन्य पात्रको भूमिका निर्धारण गर्ने काम गरिन्छ (बरई, २०८०, पृ.४५) । यसैगरी बहुल पात्रीय पद्धतियुक्त कथाको कथानकनिर्मितिमा दुई वा सोभन्दा बढी पात्रहरूको केन्द्रीयता कायम गर्ने, ती पात्रहरूको जीवनका कथाव्यथा, आरोहअवरोह, जीवनभोगाइ, अनुभूति आदिलाई सर्वोपरि महत्त्व दिने तथा उनीहरूको यथेष्ट चारित्रिक विकासका निम्ति उनीहरूकै केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारण गर्ने काम गरिएको हुन्छ (बरई, २०८०, पृ.९८) । त्यसैगरी प्रमुख चरित्रको उद्देश्य, उसको उद्देश्यमा आएको अवरोध तथा उद्देश्यतिर पुग्ने यात्रालाई कथानकको आधारशीला मानिन्छ (बराल, २०६९, पृ.६३) । उपर्युक्त तथ्यहरूबाट कथाको कथानकनिर्मितिमा एकल र बहुल पात्रीय पद्धतिको प्रयोग गरिने सार प्राप्त हुन्छ । अतः कथानकका यिनै सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा प्रस्तुत लेखलाई पूर्ण बनाइएको छ ।

## *विश्लेषणीय प्रारूप र विधि*

रैखिक कथानकीय ढाँचागत पद्धतिको प्रयोग तथा कथानकविकासमा एकल पात्रीय पद्धतिको प्रयोग गरी दुईओटा विश्लेषणीय प्रारूपका आधारमा मदनमणि दीक्षितको 'विरहिणी दमयन्ती' कथाको कथानकीय विकासको मूल्याङ्कन गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्ण बनाइएको छ । कथानकको सिद्धान्तलाई आधार बनाई बहुसत्यमा विश्वास गर्ने अनुसन्धान पद्धतिको उपयोग गरी सूचकअनुसारका प्रस्तुत कथाबाट तथ्य, साक्ष्य र उद्धरण खोजी तिनको व्याख्या र विश्लेषण गरी यस लेखलाई सम्पन्न गरिएको छ ।

## विश्लेषण र नतिजा

'विरहिणी दमयन्ती' कथामा एउटै पात्रको केन्द्रीयतामा विकसित मुख्य र रैखिक ढाँचायुक्त कथानकको प्रयोग गरिएको छ । उक्त कथाको कथानकलाई विरहिणी दमयन्तीको केन्द्रीयतामा परिपाकमा पुऱ्याइएको छ । उक्त पात्रको केन्द्रीयतामा निर्मित यस कथाको कथानकीय विकासको विश्लेषण र त्यस विश्लेषणबाट प्राप्त नतिजालाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### *रैखिक कथानकीय ढाँचागत पद्धतिको प्रयोग*

'विरहिणी दमयन्ती' कथाको कथानकनिर्मितिमा रैखिक कथानकीय ढाँचागत पद्धतिको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा शृङ्खलित कथानकीय ढाँचा नै रैखिक कथानक ढाँचा हो । कथाको कथानकीय संरचना आदि, मध्य र अन्त्य गरी तीन भागमा सङ्गठित र व्यवस्थित हुन्छ । कथाको प्रारम्भिक भागलाई आदि, बिचको भागलाई मध्य र अन्तिमको भागलाई अन्त्यभाग भनिन्छ । आदि, मध्य र अन्त्यको शृङ्खलायुक्त कथानक मात्र पूर्ण हुने विचार अरिस्टोटलको रहेको छ (नेपाल, सन् २०११, पृ.३५ मा उद्धृत) । प्रस्तुत कथाका आद्यन्त भागमा घटित घटना र कार्यव्यापार तथा तिनसँग सम्बद्ध पक्षको विश्लेषण निम्नअनुसार गरिएको छ :

***आदि भाग*** कथाको कथानकको आरम्भदेखि सङ्घर्षविकाससम्मका घटना र कार्यव्यापार कथानकको आदिभागमा पर्दछन् । कथानकको आदिभागमा अभिमुखीकरण, प्रस्तावना, पात्रपरिचय, सङ्घर्षविकासजस्ता पक्षहरू समेटिन्छन् । कथाकारले कथातर्फ पाठकको ध्यान आकृष्ट गर्ने कामलाई अभिमुखीकरण भनिन्छ । यस्तो अभिमुखीकरणको आरम्भ पात्रको परिचय, परिवेशको प्रस्तुति, मानसिक प्रतिक्रिया, घटनाको प्रस्तुति, संवादको प्रयोग, आकर्षक विचार आदिका माध्यमबाट गर्न सकिन्छ (बराल, २०७८, पृ.८५-९२) । यसैगरी कथाको कथानकको आदिभागमै  आख्यानको मुख्य विषयवस्तु वा समस्याको उठान गर्ने कार्य नै प्रस्तावना हो । कथानकको आदिभागमा पर्ने अर्को महत्त्वपूर्ण पक्ष सङ्घर्षविकास हो । आकस्मिक घटना वा परिस्थितिका कारण पात्रका सामुन्ने नयाँ समस्या तेर्सिने र पात्रहरूको सङ्घर्ष आरम्भ हुने अवस्था नै सङ्घर्षविकास हो (शर्मा, २०६३, पृ.३८९) ।  यस अवस्थाले कथानकको तीव्र विकास हुने कुराको द्योतन पनि स्पष्ट रूपमा गर्दछ । उल्लिखित विषयवस्तुलाई वरण गर्दा कथाको कथानकको आदिभागलाई उपर्युक्त पक्षको केन्द्रीयतामा सुगठित तुल्याइने निष्कर्ष प्राप्त हुन्छ ।

'विरहिणी दमयन्ती' कथाको कथानकको आदिभागको कार्यव्यापार, अभिमुखीकरण, प्रस्तावना र सङ्घर्षविकासमा विरहिणी दमयन्तीको केन्द्रीयता कायम गरिएको छ । राजा नलले रानी दमयन्तीलाई मध्य राति जङ्गलमा एक्लै छोडेर हिँडेदेखि दमयन्तीलाई कर्कोटक युवक नागले  सुम्सुम्याइरहेको दृश्य निद्राबाट ब्युझँदा दमयन्तीले हेर्दासम्मका घटना र कार्यव्यापार प्रस्तुत कथाको कथानकको आदिभागमा पर्दछन् । प्रस्तुत कथाको "मध्यरातमा कर्कोटक नागहरूको त्यो गाउँबाहिर घनघोर जङ्गलको एकान्त छाप्रामा उसलाई केही नभनी एक्लै परित्याग गरेर हिँड्ने निषधराज नललाई विदीर्ण हृदयले खोज्दै कोमलाङ्गी वैदर्भी दमयन्ती जङ्गलको गोरेटामा हिँडिरहिन्" (पृ.१४) भन्ने कथांशका माध्यमबाट यस कथाको कथानकको आदिभागमा समाहित गर्नुपर्ने अभिमुखीकरण र प्रस्तावनाको प्रयोग पहिलो र एउटै वाक्यका माध्यमबाट गरिएको छ । उक्त कथांशमा घटित घटनावलीले एकातिर पाठकहरूलाई कथाप्रति आकर्षित गर्दै कथा पढ्नाका निम्ति अभिप्रेरित गर्दछ भने अर्कातिर उक्त कथांशले प्रस्तुत कथा दमयन्ती नलको खोजीमा केन्द्रित रहने कुराको प्रविष्टि गराउँदै प्रस्तुत कथाको प्रस्तावनालाई प्रस्ट्याएको छ । यस कथाको कथानकको अभिमुखीकरणको अङ्कनमा घटनाको प्रस्तुतिको उपयोग गरिएको कुरालाई समेत उक्त कथांशले प्रस्ट्याएको छ । यसैगरी यस कथाको कथानकको यस भागमा दमयन्तीलाई पति नलको खोजीका निम्ति कता जाने, उनलाई कसरी खोज्ने, आफ्नो लक्ष्य कसरी प्राप्त गर्नेजस्ता समस्याको अन्तर्द्वन्द्वमा पारिएको छ । त्यसैगरी यस कथाको "तिनले

देखिन् एउटा भुसतिघ्रे, कालो, बलिष्ठको, डरलाग्दो नागजातिको पुरुष तिनको मुहारतिर कामुक दृष्टिले कपाल सुम्सुम्याइरहेको थियो" (पृ.१५) भन्ने कथांशका माध्यमबाट यस कथाको कथानकको आदिभागमा समाहित गर्नुपर्ने सङ्घर्षविकासको प्रविष्टि गराइएको छ । यस कथांशले एकातिर अब दमयन्तीमाथि सङ्कटैसङ्कट निम्तिने तथा दमयन्तीको जीवन चुनौतीपूर्ण बन्दै जाने कुराको स्पष्ट सङ्केत गर्दछ भने अर्कातिर यस कथांशले अब यस कथाको कथानकको तीव्र गतिमा विकास हुने कुरालाई समेत छर्लङ्ग्याउँछ । उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा प्रस्तुत कथाको कथानकको आदिभागमा समाहित गर्नुपर्ने अभिमुखीकरण, प्रस्तावना र सङ्घर्षविकासको क्रमबद्ध प्रस्तुति गरिएकाले यस कथाको आदिभागको कथानकनिर्मितिमा रैखिक कथानकीय ढाँचागत पद्धतिको प्रयोग गरिएको सार प्राप्त हुन्छ ।

***मध्य भाग*** कथाको कथानकको बिचको भाग नै मध्यभाग हो । कथानकको मध्यभागअन्तर्गत अन्य सङ्कटावस्था र चरमोत्कर्षता पर्दछन् । पात्रहरूमाथि तमाम समस्या, चुनौती र अप्ठ्यारा थपिने एवम् चरमोत्कर्षताका निम्ति पृष्ठभूमिनिर्माण गरिने कथानकको अवस्थालाई अन्य सङ्कटावस्था भनिन्छ । मध्यभागमा कथानकको विस्तारका साथसाथ सङ्घर्षहरूको विस्तृत रूपले वर्णन गर्नुलाई अनिवार्य मानिन्छ र यसमा लेखकको अनुभव र चिन्तनको अभिव्यक्ति हुन्छ (रामप्रकाश, सन् १९९४, पृ.१७८) । यस अवस्थाले एकातिर पात्रहरूमाथि आइपर्ने चुनौतीको सङ्केत गर्दछ भने अर्कातिर पात्रहरूमाथिको समस्यासमाधान हुने वा समस्या अझ जटिल बन्न सक्ने पृष्ठभूमिको निर्माण पनि गर्दछ । सबभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक अवस्था, चरम द्विविधा वा सन्देह समापनको अवस्था तथा दुःखद वा सुखद जुनसुकै हुन सक्ने कथानकको अवस्था नै चरमोत्कर्षता हो । तीव्र द्विविधासमाप्तिको अवस्थाले कथानकको चरमोत्कर्षताको विकास गर्दछ (गुप्त, सन् २००६, पृ.३०५) । यस अवस्थाले कथानक अपकर्षतर्फ लाग्ने कुराको स्पष्ट सङ्केत पनि गर्दछ । पात्रको द्वन्द्व जटिल बन्दै अन्तिम सीमामा पुगी निर्णयको क्षण पनि स्पष्ट हुन थालेको अवस्था नै कथानकको उत्कर्ष विन्दु हो (श्रेष्ठ, २०६६, पृ. २६) । कथाको आदि, मध्य र अन्त्यभागमध्ये जुनसुकै भागमा चरमोत्कर्षता हुन सक्दछ तथा कथाको आरम्भभागमै चरमोत्कर्षताको प्रयोग गरिए कथाको बाँकी भाग त्यस चरमोत्कर्षताको व्याख्या गर्ने कार्यमा केन्द्रित हुन सक्दछ । उपर्युक्त विषयवस्तुलाई वरण गर्दा कथाको कथानकको मध्यभागलाई उल्लिखित पक्षको केन्द्रीयतामा व्यवस्थित गरिने सार प्राप्त हुन्छ ।

'विरहिणी दमयन्ती' कथाको कथानकको मध्यभागको कार्यव्यापार, अन्य सङ्कटावस्था र चरमोत्कर्षताको विकासमा विरहिणी दमयन्तीको केन्द्रीयता कायम गरिएको छ । दमयन्ती कर्कोटक नागबाट जोगिनाका निम्ति गुहार माग्दै जङ्गलमा दौडेदेखि रुखमा चढी हात्तीहरूको आक्रमणबाट आफूलाई बचाउनेसम्मका घटना र कार्यव्यापार प्रस्तुत कथाको कथानकको मध्यभागमा पर्दछन् । यस कथाको कथानकको मध्यभागले यस कथाको कथानकको पूर्वकार्यव्यापारका साथै भावी कार्यव्यापारलाई समेत सम्भाव्य बनाएको छ । यस भागको कथानकबाट एकातिर यस कथाको आदिभागमा कर्कोटक नागको फन्दामा पर्नै लागेकी दमयन्ती उक्त सर्पको नियन्त्रणमा परी उसबाट जोगिएको घटनाका माध्यमबाट यस कथाको कथानकको आदिभागसित तारतम्यता मिलाइएको छ भने अर्कातिर भविष्यमा दमयन्तीमाथि थप चुनौती निम्तिन सक्ने कुराको समेत सङ्केत गरिएको छ । यसैगरी दमयन्ती कर्कोटक नागको फन्दामा परी उसबाट बलत्कृत हुन सक्ने विषम परिस्थितिमा पुग्ने, एक रुखमा चढी रात बिताउने, खेतका हरिया मुना र कलिला काँचा जौ खाई भोक मिटाउने, तीन दिन लगातार ननिदाईकन हिँड्ने, बाटामा शुचिभद्रसित भेट हुने,

उसबाट समेत खतरा उत्पन्न हुने आशङ्कामा भयभीत भइरहने, सरोवरको छेउमा सुतेका शुचिभद्रसहित उसका अधिकांश सहकर्मीहरूको हात्तीहरूको आक्रमणमा परी मृत्यु हुने तथा दमयन्ती पनि उक्त समय सोही ठाउँमा हुनेजस्ता प्रस्तुत कथाका कथानकका मध्यभागका कार्यव्यापार यस कथाको मध्यभागको अन्य सङ्कटावस्थामा पर्दछन् । उपर्युक्त सङ्कटावस्थाले एकातिर यस कथाकी केन्द्रीय पात्र दमयन्तीमाथि आइपरेका विविध समस्याहरूको द्योतन गरेका छन् भने अर्कातिर यस कार्यव्यापारले हरेक समस्याबाट आफूलाई जोगाउने दमयन्ती हात्तीहरूको आक्रमणबाट आफूलाई जोगाउनाका निम्ति कुनै ठोस कदमको अवलम्बन गर्ने तथा प्रस्तुत कथाको कथानकले चरमोत्कर्षता प्राप्त गर्न सक्ने कुराको समेत सङ्केत गर्दछ । यसैगरी एउटा रुखमा चढी दमयन्ती आफूलाई हात्तीहरूको आक्रमणबाट जोगाउने कार्यव्यापारले यस कथाको कथानकको चरमोत्कर्षताको विकास गरेको छ । प्रस्तुत कथाको "नारीहरूसँगै सुतेकी दमयन्तीले सुरुमै आफूलाई जोगाएर अग्लो रुखमा आश्रय लिइसकेकी थिइन्" (पृ.१९) भन्ने कथांशले यस कथाको कथानकको चरमोत्कर्षताको विकास गरेको छ । यस कार्यव्यापारले एकातिर यस कथाको सबैभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक अवस्थाको द्योतन गरेको छ भने अर्कातिर अधिकांश व्यापारी मरेकामा विरहिणी मरिन् कि बाँचिन् भन्ने चरम द्विविधा वा सन्देहको समापन पनि गरेको छ । यस भागले एकातिर दमयन्तीको पति खोज्ने कार्य तुरुन्त सफल हुन नसक्ने कुराको द्योतन गर्दछ भने अर्कातिर प्रस्तुत कथाको कथानक यस घटनापश्चात् ओरालोतर्फ लाग्ने कुराको सङ्केत पनि गर्दछ । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा यस कथाको कथानकको मध्यभागको कार्यव्यापार, अन्य सङ्कटावस्था र चरमोत्कर्षताको विकासमा दमयन्तीको प्रमुखता कायम गरिएको सार प्राप्त हुन्छ ।

***अन्त्य भाग*** कथानकको अन्तिमको भाग नै अन्त्यभाग हो । यस भागअन्तर्गत सङ्घर्षह्रास, फलप्राप्ति, पुष्टीकरण र निष्कर्षण पर्दछन् । चर्को सङ्घर्ष मत्थर भएको अवस्था नै सङ्घर्षह्रास हो (शर्मा, २०७८, पृ.९५) । यस विचारले कथानकको चर्को सङ्घर्ष समाप्तितर्फ लम्किएको तथा कथा फलप्राप्तितर्फ उन्मुख भएको स्पष्ट सङ्केत पाइने कुरालाई छर्लङ्ग्याएको छ । कथाको अन्त्यभागले पाठकमा सर्वाधिक प्रभाव छोड्न सक्नुपर्दछ (अरुणप्रकाश, सन् २०१४, पृ.१२९) । कथा पढिसकेर पाठक चिन्तनमग्न बन्ने र जीवनलाई ओल्टाईपल्टाई हेर्ने कार्य गर्न थाल्दछ (नेपाल, सन् २०११, पृ.३६) । कर्मअनुसारको फलप्राप्त हुने अवस्था नै फलप्राप्तिको अवस्था हो । पात्रलाई सार्थक बनाउने र उसलाई नाटकीय मूल्य प्रदान गर्ने कार्य कथानकले गर्ने तथा कथानक सरलतासाथ स्मरण गर्न सक्ने खालको हुनुपर्ने विचार अरिस्टोटलको रहेको छ (गुप्त, सन् २००६, पृ.४१-४२ मा उद्धृत) । कथानकलाई लेखकको मार्गनिर्देशनात्मक सिद्धान्त र पाठकलाई नियन्त्रणमा ल्याउन उसले वरण गर्ने सही उपाय मानिन्छ (एटम, २०७४, पृ.७०) । कथानकको आदिभागमा प्रविष्टि गराइएको प्रस्तावनाको पुष्टीकरणका साथै लोककल्याणकारी भावलाई अभिधात्मक वा लाक्षणिक ढङ्गले निष्कर्ष पनि प्रस्तुत गरिन्छ ।

'विरहिणी दमयन्ती' कथाको कथानकको अन्त्यभागको कार्यव्यापार, सङ्घर्षह्रास, फलप्राप्ति, पुष्टीकरण र निष्कर्षणको विकासमा विरहिणी दमयन्तीको प्रमुखता कायम गरिएको छ । हात्तीहरूको आक्रमणबाट जोगिएकी दमयन्ती चेदीतर्फ प्रस्थान गरेदेखि सुनन्दाको घरमा बसी पति नललाई खोज्ने उपायहरू पहिल्याइरहने मनस्थितिका साथ सुसारेको काम गर्न थाल्नुसम्मका घटना र कार्यव्यापार प्रस्तुत कथाको कथानकको अन्त्यभागमा पर्दछन् । यस कथाको कथानकको मध्यभागमा शुचिभद्रले दमयन्तीलाई

चेदीमा नल भेटिन सक्ने कुराको दिएको जानकारीसँग सम्बद्ध कार्यव्यापारले दमयन्तीको यात्रा चेदीमा पुगी विराम लिने कुराको सङ्केत गरेको छ । यसैगरी दमयन्ती चेदीतर्फ प्रस्थान गर्ने कार्यव्यापारले यस कथाको कथानकको सङ्घर्षह्रासको निर्मिति गरेको छ । उक्त कथाको "दुवै नारी चेदीतिर हिँडे"(पृ.१९) भन्ने कथांशका माध्यमबाट यस कथाको कथानकको सङ्घर्षह्रासको विकास गरिएको छ । यस कार्यव्यापारले एकातिर मानव बस्ती भएको ठाउँमा पुग्दा दमयन्तीका निम्ति कुनै नकुनै आश्रय भेटिन्छ भन्ने कुराको सङ्केत गर्दछ भने अर्कातिर जङ्गलमा जस्तो सङ्घर्ष र चुनौतीको सामना पनि दमयन्तीले गर्नुपर्दैन भन्ने कुरालाई पनि बोध गराउँछ । यसै कार्यव्यापारअनुसार नै दमयन्तीले एकातिर सुनन्दाको घरमा बास पाएकी छन् भने अर्कातिर सम्भावित विभिन्न किसिमका आक्रमणबाट समेत जोगिएकी छन् । यस कथामा दमयन्तीलाई फलप्राप्त नभई भविष्यमा फलप्राप्ति हुन सक्ने पनि र नहुन सक्ने पनि सङ्केत गरिएको छ । त्यसैगरी यस कथाको "निषधबाट नलसँगै निस्केकी दमयन्ती चेदी नगरमा आफ्नी ठुलीआमाको भवनमा सैरन्ध्रीका रूपमा रही निषधराज नललाई जसरी भए पनि खोजेर फेला पार्ने उपायबारे सन्तोषका साथ विचार गर्न थालिन्" (पृ.२०) भन्ने कथांशका माध्यमबाट यस कथाको कथानकको अन्त्यभागको पुष्टीकरण र निष्कर्षणको निर्मिति गरिएको छ । यस कथांशले प्रस्तुत कथाको प्रस्तावनाका रूपमा प्रयुक्त दमयन्तीको नललाई खोजी गर्ने कार्य पछि पनि निरन्तर गतिमान रहने कुराको पुस्ट्याइँ गरेको छ । उक्त कथांशले मान्छे आफ्नो लक्ष्यप्राप्तिका निम्ति प्रतिबद्ध रहनुपर्ने, आफ्नो लक्ष्यप्राप्तिका निम्ति मान्छे सचेत, संवेदनशील, विवेकवान् र सङ्घर्षशील बन्नुपर्ने, समय र परिस्थितिअनुकूलको आचरण र व्यवहार मान्छेले वरण गर्नुपर्ने, मान्छेमा संयमता, धैर्य, आत्मबल र दृढ इच्छाशक्ति हुनुपर्ने, मान्छे इमानदार, चरित्रवान् र अनुशासित हुनुपर्ने तथा मान्छे सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणकारी विचारधाराबाट अभिप्रेरित हुनुपर्ने विमर्शलाई यस कथाको निष्कर्षणका रूपमा प्रयोग गरिएको कुरालाई समेत छर्लङ्ग्याएको छ । यस कथाको अन्त्यभागले पाठकमा सर्वाधिक प्रभाव छोड्न सफल भएको छ । पति नलको खोजीमा भौतारिरहेकी दमयन्ती पतिको प्राप्तिविना नै कथालाई टुङ्ग्याइएको हुनाले पाठकको यथेष्ट सहानुभूति एकातिर दमयन्तीलाई प्राप्त हुन्छ भने अर्कातिर दमयन्तीले आफ्ना पतिलाई प्राप्त गर्न सकिन् कि सकिनन्, सुनन्दा र सुबाहूले दमयन्तीलाई चिने कि चिनेनन्, चिने भने दमयन्तीलाई सहयोग गरे कि अप्ठ्यारोमा पारेजस्ता प्रश्नहरूको भुमरीमा पाठकलाई पार्ने काम पनि यस कथाको कथानकको अन्त्यभागले गरेको छ । पाठकका मनमा तरङ्गित हुन सक्ने उपर्युक्त प्रकृतिका जिज्ञासाहरूले कथा पढिसकेर पाठक चिन्तनमग्न बन्ने र जीवनलाई ओल्टाईपल्टाई हेर्ने कार्य गर्न थाल्ने कुरालाई समेत प्रस्ट्याएका छन् । कथाको अन्त्यभागले पाठकमा सर्वाधिक प्रभाव छोड्न सक्नुपर्दछ भन्ने मान्यताको समेत यस कथामा अत्यन्त कलात्मक ढङ्गले अङ्कन गरिएको छ । उपर्युक्त घटना र कार्यव्यापारहरूलाई वरण गर्दा यस कथाको अन्त्यभागका घटना र कार्यव्यापार तथा उक्त भागमा समाहित हुनुपर्ने सङ्घर्षह्रास, फलागम, पुष्टीकरण र निष्कर्षणलाई दमयन्तीको केन्द्रीयतामा क्रमबद्ध ढङ्गले प्रस्तुत गरिएका कारण यस कथाको कथानकको अन्त्यभागलाई रैखिक ढाँचाको कथानकअनुसार व्यवस्थापन गरिएको निष्कर्ष प्राप्त हुन्छ ।

### *कथानक निर्मितिमा एकल पात्रीय पद्धतिको प्रयोग*

एकमात्र पात्रको केन्द्रीयतामा कथाको कार्यव्यापार र द्वन्द्वको निर्मिति गर्ने पद्धति नै कथानकनिर्मितिमा एकल पात्रीय पद्धति हो । यस्तो पद्धतिप्रयुक्त कथाको कथानकमा एकमात्र पात्रको वैयक्तिक जीवनसँग सम्बद्ध

विषयवस्तुको प्रस्तुति गरिन्छ । यस्तो पद्धतिप्रयुक्त कथानकका निर्माणकारी तत्त्व कार्यव्यापार र द्वन्द्व तथा कथानकप्रस्तुतिका उपायहरूमा एकल पात्रको केन्द्रीयता कायम गरिन्छ । यिनै सूचकको केन्द्रीयतामा मदनमणि दीक्षितको 'विरहिणी दमयन्ती' कथाको विश्लेषण यहाँ गरिएको छ ।

## *कार्यव्यापार र द्वन्द्वमा एकल पात्रको सर्वोपरिता*

'विरहिणी दमयन्ती' कथाको कार्यव्यापारमा विरहिणी दमयन्तीको सर्वोपरिता कायम गरिएको छ । यस कथामा विरहिणी दमयन्तीको वैयक्तिक जीवनका कथाव्यथाको प्रस्तुति गरिएको छ । घना जङ्गलमा पति नलले पत्नी दमयन्तीलाई एक्लै छोडी हिँडेपश्चात् दमयन्ती पति नलको खोजीमा अनेकौँ अड्चन र समस्याहरूको सामना गर्दै चेदीमा पुगी आफ्नै ठुलीआमा सुनन्दाका घरमा उनकै छोरीकी सुसारे भई परिचय नखुल्ने किसिमले बसी पतिको खोजीकार्यका उपायहरू अवलम्बन गरिरहने मनस्थितिमा पुग्नेसम्मका घटना र कार्यव्यापारको प्रस्तुति यस कथामा गरिएको छ । कर्कोटक नागहरू भएको अन्धकार जङ्गलमा पति निषधराज नलले एक्लै छोडी हिँडेकामा अत्यन्त दुःखी हुँदै विगतको सुखद जीवनलाई सम्भmँदै पतिको खोजीमा दमयन्ती जङ्गलमा भौतारिरहनु, आफ्ना पतिका विषयमा रुँदै बोटविरुवा, रुख आदिसित सोध्दै जङ्गलमा हिँडिरहनु, सपनामा पति नलका भाइ पुष्करले उनलाई सुम्सुम्याउँदै गरेको घटनावलीले अत्याउँदा ब्युझिनु तथा ब्युझँदा उनले अत्यन्त डरलाग्दो नागजातिको कर्कोटक नामक पुरुषले उनलाई कामुक दृष्टिले हेर्दै उनको कपालसमेत सुम्सुम्याइरहेको दृश्य हेर्नुजस्ता कार्यव्यापारको प्रस्तुति यस कथामा गरिएको छ । यसैगरी भयानक सर्पबाट डराएकी दमयन्ती आफ्नो बचाउका निम्ति जङ्गलमा गुहार गर्दै दौड्न थाल्नु, सर्पले उनलाई बोकेर आफ्नो बासस्थानतिर लैजाँदै गर्दा आफूलाई जोगाउनाका निम्ति उपायका विषयमा सोच्न थाल्नु, उनले नागलाई मदिरा खुवाउँदै रहनु, नाग मदिराले मात्तिएको अवसर पारी छाप्रा र ढोकामा मदिरा खन्याई आगो लगाई पूर्वतिर हिँड्नु, घोडा, गोरु र गाडामा बसेका ५०/६० जना मानिसहरूको समूह देख्नु, ती मानिसहरूमध्येका एक जना प्रौढ पुरुष दमयन्तीका सामुन्ने आई आफू शुचिभद्र भएको र काशीबाट अयोध्या हुँदै चेदीतिर जान लागेको कुरा बताउनु, उसले चेदीमा नल भेटिन सक्ने कुरा गर्दै दमयन्तीलाई लगाउनाका निम्ति वस्त्र प्रदान गर्ने कुरा गर्नु, दमयन्ती एउटा रुखमा चढी आफूलाई हात्तीहरूको आक्रमणबाट जोगाउनुजस्ता कार्यव्यापारको वर्णन पनि यस कथामा गरिएको छ । त्यसैगरी दमयन्ती चेदीतिर प्रस्थान गर्नु, केही दिनको हिँडाइपश्चात् चेदीको नजिक पुग्नु, दमयन्तीले आफ्नी आमाबाट सुनन्दा नामक दमयन्तीकी ठुलीआमा भएको र उनलाई चेदीराज सुबाहुले अपहरण गरी आफ्नी पत्नी बनाएको कुरा पहिल्यै थाहा पाएकी हुनु, उक्त कुरा सम्झँदै उनी सुनन्दा र सुबाहुले आफ्ना विषयमा थाहा पाए राम्रो नहुने कुरा स्मरण गर्दै नल प्राप्त हुन सक्ने आशामा आफूलाई विकृत तुल्याउँदै चेदी पुग्नु, आफ्नो घरको बार्दलीबाट सडकतिर हेरिरहेकी सुनन्दाले एकजना नोकर पठाई दमयन्तीलाई आफ्नो सम्मुख उभ्याउनु, दमयन्तीले आफ्नो वास्तविक परिचय लुकाउँदै एक धनाढ्य व्यापारीका घरमा व्यापारीकी पत्नीको सिँगारपटार गर्ने सुसारेको काम गरेको जानकारी दिनु, सुनन्दाले आफ्नी छोरीकी सुसारे बन्नाका निम्ति दमयन्तीलाई अह्राउनु, नजानिँदो किसिमले आफ्नै ठुलीआमाको घरमा सुसारेका रूपमा रही पति नललाई भेटाउने उपायहरू पहिल्याउने विषयमा विचार गर्न थाल्नुसम्मको कार्यव्यापारको वर्णन पनि यस कथामा गरिएको छ । उपर्युक्त विषयवस्तुलाई सामान्यीकरण गर्दा विरहिणी दमयन्तीका वैयक्तिक जीवनका कथा र व्यथा प्रस्तुत कथाको

कार्यव्यापार बनेको तथा उपर्युक्त कार्यव्यापारको सेरोफेरोमा यस कथाको कथानकको निर्मिति गरिएको निष्कर्ष प्राप्त हुन्छ ।

'विरहिणी दमयन्ती' कथाको कथानकको द्वन्द्वमा पनि विरहिणी दमयन्तीकै केन्द्रीयता कायम गरिएको छ । यस कथाकी केन्द्रीय पात्र दमयन्तीको पतिको खोजीगत उद्देश्य, उनको उक्त उद्देश्यमा आएको अवरोध तथा उक्त उद्देश्यप्राप्तिका निम्ति उनले गरेका प्रयत्नले यस कथामा द्वन्द्वको सिर्जना गरेको छ । परस्पर विरोधी विचार भएका व्यक्तिका बिचमा हुने सङ्घर्ष नै द्वन्द्व हो । यस कथामा मूलतः बाह्य द्वन्द्वको प्रयोग गरिएको छ र त्यो द्वन्द्व दमयन्ती र कर्कोटक नागका बिचमा सम्पन्न भएको छ । निद्राबाट ब्युझँदा कर्कोटक नागको फन्दामा परी कर्कोटक नागले दमयन्तीलाई पत्नी बनाउने उद्देश्यले बोकी आफ्नो बासस्थानतर्फ लग्दै गर्दाका अवस्थामा दमयन्तीले आफूलाई जोगाउन खोज्दाका अवस्थामा सामान्य द्वन्द्वको सिर्जना हुन्छ । प्रत्यक्ष द्वन्द्वमा संलग्न भई कर्कोटक नागसँग विजय प्राप्त गर्न नसकिने प्रतिकूल परिस्थितिको आँकलन गर्दै दमयन्तीले बुद्धिमतापूर्ण ढङ्गले आफूलाई जोगाउँछिन्, जसको प्रस्तुति उक्त कथामा निम्नअनुसार गरिएको छ :

> छाप्रामा आगो बालेर कर्कोटक नागयुवक भोजन पकाउनमा लाग्यो । बाहिर पिँढीमा निस्पट्ट अन्धकार छ । उज्यालो चाहियो भनेर दमयन्तीले चुलाबाट एउटा अगुल्टो मागेर पिँढीतिर लागिन् । दमयन्ती पाएर उन्मत्त र प्रसन्न भएको नागयुवकले छाप्राको कुनाबाट जौको जाँडको घैटो ल्याएर आफू खाँदै दमयन्तीलाई पनि दियो । आफूलाई भोजनसँगै मात्र मदिरा मन पर्छ, त्यस वेला मात्र खाने छु बरु तिमी आफूले खाऊ भन्दै दमयन्तीले मायालु हातले नागयुवकलाई मदिरा खुवाउँदै रहिन् । कन्दमूलको खिर पकाउँदा पकाउँदै कर्कोटक उड्न थाल्यो । दमयन्तीले छाप्राको ढोका र पिँढीमा जाँड पोखेर अगुल्टाले ढोकाको जाँड र छाप्रामा आगो लगाइदिइन् र त्यहाँबाट पूर्व दिशामा सुइँकुच्चा ठोकिन् । कर्कोटक नागयुवकबाट त्यसरी छुटकारा लिए पनि एक कोस पूर्वतिर गएर दमयन्तीले शिंशपा रुखका हाँगामा सावधान बसी रात गुजारिन् । (विरहिणी दमयन्ती, पृ.१५ र १६)

उल्लिखित कथांशले बुद्धिमतापूर्ण ढङ्गले दमयन्ती कर्कोटक नागसँगको द्वन्द्वमा विजय प्राप्त गरेको तथा पति नलको खोजीकार्यमा अवरोधक बनेको नागको फन्दाबाट मुक्त भएको कुरालाई स्पस्ट्याएको छ । यसैगरी शूचिभद्रले बस्त्र प्रदान गर्दा तत्काल उक्त बस्त्र लगाउँदा आफू सुन्दरी देखिने तथा त्यसका कारण शूचिभद्र र उनका बिचमा द्वन्द्व निम्तिन सक्ने परिस्थितिको आँकलन गर्दै साँझको स्नानपछि मात्र लगाउने कुराका माध्यमबाट दमयन्तीले आफूलाई जोगाउँछिन् । त्यसैगरी आफ्नी सानी आमा सुनन्दाले वास्तविकता थाहा पाए द्वन्द्व निम्तिन सक्ने अवस्थाको मूल्याङ्कन गर्दै आफ्नो परिचय गोप्य राखी पतिको प्राप्तिका निम्ति निरन्तर प्रयत्नरत रहने योजना बनाई सोहीअनुसारका आचरण र व्यवहार अवलम्बन गरी दमयन्तीले आफूलाई जोगाउन सफल हुन्छिन् । उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा प्रस्तुत कथाको द्वन्द्वविधानमा पनि दमयन्तीकै केन्द्रीयता रहेको सार प्राप्त हुन्छ ।

### *कथानकप्रस्तुतिका उपायहरूमा एकल पात्रको केन्द्रीयता*

'विरहिणी दमयन्ती' कथाको कथानकप्रस्तुतिका गराइ, भनाइ र सोचाइ गरी तीनओटै उपायमा विरहिणी दमयन्तीकै केन्द्रीयता कायम गरिएको छ । कथाका पात्रले गर्ने कार्य नै गराइ हो । यस्तो

कथानकप्रस्तुतिगत उपायमा कथाका पात्रहरूलाई विभिन्न कार्यमा संलग्न गराई कथानकलाई अघि बढाइन्छ । यस्तो गराइगत कार्यव्यापारको अभिव्यक्ति कथामा मूलतः वर्णनात्मक र विवरणात्मक तरिकाले गरिन्छ । यसैगरी कथानकप्रस्तुतिको अर्को उपाय भनाइ हो । दुई वा सोभन्दा बढी पात्रका बिचमा संवाद गराई कथानक प्रस्तुत गर्ने तरिका नै भनाइ हो । त्यसैगरी कथानकप्रस्तुतिको अर्को उपायका रूपमा सोचाइ रहेको छ । पात्रहरूलाई मानसिक प्रतिक्रिया दिन वा कुनै विषयमा सोच्न लगाई कथानक प्रस्तुत गर्ने उपाय नै सोचाइ हो । प्रस्तुत कथाको कथानकप्रस्तुतिमा मूलतः गराइ तथा अंशतः भनाइ र सोचाइगत उपायको प्रयोग गरिएको छ । उक्त कथाको घना जङ्गलमा पति नलले पत्नी दमयन्तीलाई एक्लै छोडी हिँडेपश्चात् दमयन्ती पति नलको खोजीमा अनेकौँ अड्चन र समस्याहरूको सामना गर्दै चेदीमा पुगी आफ्नै ठुलीआमा सुनन्दाका घरमा उनकै छोरीकी सुसारे भई परिचय नखुल्ने किसिमले बसी पतिको खोजीकार्यका उपायहरू अवलम्बन गरिरहने मनस्थितिमा पुग्नेसम्मका अधिकांश घटना र कार्यव्यापारको प्रस्तुतिमा गराइगत उपायको प्रयोग गरिएको तथा उक्त उपायमा दमयन्तीकै सर्वोपरिता कायम गराइएको छ । यस कुरालाई प्रस्तुत कथाको निम्नलिखित कथांशका माध्यमबाट थप प्रस्ट्याइएको छ :

> नारीहरूसँगै सुतेकी दमयन्तीले सुरुमै जोगाएर आफूलाई एउटा अग्लो रुखमा आश्रय लिइसकेकी थिइन् । तिनको सहायताले एउटी अर्की नारी रुखको अर्को हाँगामा बसिन् र हात्तीद्वारा भएको त्यो विनाशलाई दुबैले करुण दृष्टिले हेरिरहेका थिए । सार्थबाट उठेको हाहाकार चिल्लीबिल्ली र क्रन्दनले हात्तीलाई झन् तर्साएर उन्मत्त तुल्यायो । त्यो मध्यरातमा कहीँ केही देखिँदैन थियो । (विरहिणी दमयन्ती, पृ.१९)

उपर्युक्त कथांशले रुखमा चढी र चढ्न लगाई दमयन्तीले आफू र अर्की एक महिलालाई हात्तीहरूको कुल्चाइबाट जोगाएको, सुतेका व्यापारीहरू हात्तीहरूको कुल्चाइबाट मरिरहँदा दमयन्ती अत्यन्त दुःखी भएको तथा आक्रमणमा परेका व्यक्तिहरूको विलाप अत्यन्त कारुणिक भएको र त्यस विलापले हात्तीलाई झनै उन्मत्त तुल्याएको तथा रात अत्यन्त अन्धकारमय भएको एवम् उपर्युक्त कार्यव्यापारमा पनि दमयन्तीकै केन्द्रीयता रहेको कार्यव्यापारको प्रस्तुति गराइगत उपायका माध्यमबाट गरिएको कुरालाई प्रस्ट्याएको छ ।

'विरहिणी दमयन्ती' कथाको कथानकप्रस्तुतिको भनाइगत उपायमा पनि विरहिणी दमयन्तीकै सर्वोपरिता कायम गरिएको छ । संवादका माध्यमबाट कथानक परिपाकमा पुऱ्याउनुपर्ने मान्यता राख्ने पद्धति नै कथानकप्रस्तुतिको भनाइगत उपाय हो । यस कथाको कथानकलाई संवादको प्रयोगका माध्यमबाट पनि प्रस्तुत गर्ने पद्धतिको प्रयोग गरिएको छ । यस कथामा अत्यन्त न्यून संवादको प्रयोग गरिएको छ । यस कथामा मूलतः विरहिणी दमयन्ती र कर्कोटक नाग, विरहिणी दमयन्ती र शूचिभद्र तथा विरहिणी दमयन्ती र सुनन्दाका बिचमा संवाद गराइएको छ । नागको फन्दाबाट उम्किनाका निम्ति दमयन्तीले आफ्नो पति जङ्गलमा हराएको, आफूलाई असाध्यै भोक लागेको, आफूले साँझमा मात्र मदिरा पान गर्नेजस्ता कुराहरू कर्कोटक नागसँगको संवादका माध्यमबाट अघि बढाएको कुराको अङ्कन यस कथामा गरिएको छ । यसैगरी दमयन्तीले शूचिभद्रसित आफ्नो परिचय दिई आफ्ना पतिका विषयमा जिज्ञासा राख्ने, उसको आग्रहअनुसार दमयन्तीले भोजन गर्ने, उसकै साथमा चेदी जाने कुराको निर्णय गर्ने, उसले प्रदान गरेको बस्त्र सन्ध्या स्नानपछि मात्र धारण गर्नेलगायतका विषयवस्तुको प्रस्तुति दमयन्ती र शूचिभद्रका बिचमा संवाद गराई

पाठकसमक्ष पुऱ्याइएको छ । त्यसैगरी दमयन्ती सुनन्दाको घरमा सुनन्दाकी छोरीकी सुसारेको काम गर्ने, कसैको जुठो खाद्यवस्तु नखाने, कसैको पाउ नदाब्ने, परपुरुषसित नबोल्नेजस्ता विषयवस्तुको अभिव्यक्ति दमयन्ती र सुनन्दाका बिचमा सम्पन्न संवादका माध्यमबाट गरिएको छ । यस कुरालाई तलको कथांशद्वारा थप छर्लङ्ग्याइएको छ :

> "तपाईँ रानी, मेरी मातासरह हुनुहुन्छ तथापि मेरा तीनओटा सर्तलाई स्वीकार गर्नुहुन्छ भने मात्र म यो काम गर्ने छु" भनिन् दमयन्तीले । "मैले कसैको जुठो खान नपरोस्, कसैको पाउ दाब्न नपरोस् र कुनै परपुरुषसित बोल्न नपरोस्" भन्ने आफ्नो सर्त प्रस्तुत गरिन् । सुनन्दाले तीनओटै सर्तलाई स्वीकार गरेर छोरीलाई बोलाएर "तिमी सैरन्ध्री अबदेखि यिनको हेरविचार र स्याहारसुसारमा बस्नु" भनी आदेश दिइन् । (विरहिणी दमयन्ती, पृ.२०)

उपर्युक्त कथांशले दमयन्ती ससर्त सुनन्दाको घरमा सुनन्दाकी छोरीकी सुसारेका रूपमा काम गर्ने सहमति भएको विषयवस्तुलाई दमयन्ती र सुनन्दाका बिचमा सम्पन्न संवादका माध्यमबाट पाठकसमक्ष सम्प्रेषण गरिएको तथा उक्त विषयवस्तुको केन्द्रमा दमयन्ती रहेको कुरालाई छर्लङ्ग्याएको छ ।

'विरहिणी दमयन्ती' कथाको कथानकप्रस्तुतिको सोचाइगत उपायमा पनि विरहिणी दमयन्तीको सर्वोपरिता कायम गरिएको छ । कर्कोटक नागबाट जोगिने, चेदीराज सुबाहुले दमयन्तीकी ठुलीआमा सुनन्दालाई अपहरण गरी पत्नी बनाएको लगायतका कार्यव्यापारको प्रस्तुति दमयन्तीलाई मानसिक प्रतिक्रियामा संलग्न गराई गरिएको छ । दमयन्ती चेदी जानैपर्ने विषयवस्तुको अभिव्यक्ति उनलाई मानसिक प्रतिक्रिया दिन लगाई गरिएको कुराको चित्रण उक्त कथामा यसरी गरिएको छ : "त्यो सम्झनाले दमयन्तीमा ठुलो शङ्का उत्पन्न गऱ्यो, "सामुन्ने चेदी छ । त्यहाँ सुबाहु र ठुलीआमा सुनन्दा छन् । तिनले मलाई चिने भने नमिठो हुने छ तैपनि चेदी जानैपर्छ । नल फेला परिहाल्छन् कि" (पृ.१९) । यस कथांशले प्रस्तुत कथाको दमयन्ती आफ्नो पतिको प्राप्तिका निम्ति चेदी जानैपर्ने कार्यव्यापारलाई सोचाइका माध्यमबाट प्रस्तुत गरिएको कुरालाई स्पस्ट्याएको छ । दमयन्तीबाहेक यस कथाको खलपात्र कर्कोटक नागलाई मात्र सोच्न लगाइएको छ । सुन्दरी नारी दमयन्तीलाई बोकी आफ्नो बासस्थानतर्फ लग्दै गर्दाका अवस्थामा कामवासनाको पूर्ति गर्ने, दमयन्तीलाई आफ्नी पत्नी बनाउने तथा आफ्नो समुदायमा इज्जत बढ्ने विषयवस्तुको प्रस्तुति कर्कोटक नागको मानसिक प्रतिक्रियाका माध्यमबाट गरिएको छ । यस कथाका उल्लिखित पात्रबाहेक अन्य कुनै पनि पात्रलाई मानसिक प्रकिक्रियामा संलग्न गराइएको छैन । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा यस कथाको कथानकप्रस्तुतिका गराइ, भनाइ र सोचाइगत गरी तीनओटै उपायमा विरहिणी दमयन्तीको सर्वोपरिता कायम गरिएको तथा यस्तो पद्धतिको प्रयोगले प्रस्तुत कथाको कथानक एकान्वितिपूर्ण, सुगठित, जीवन्त र कलात्मक बनेको निष्कर्ष प्राप्त हुन्छ ।

## निष्कर्ष

'विरहिणी दमयन्ती' कथाको रैखिक कथानकीय ढाँचागत पद्धति र कथानकनिर्मितिमा एकल पात्रीय पद्धतिसम्बन्धी तथ्यहरूलाई सामान्यीकरण गर्दा आद्यन्त शृङ्खलामा शृङ्खलित घटना र कार्यव्यापार तथा एकल पात्रको केन्द्रीयतामा प्रस्तुत कथाको कथानकको निर्मिति गरिएको निष्कर्ष प्राप्त हुन्छ । अभिमुखीकरण,

प्रस्तावना र सङ्घर्षविकासको क्रमबद्ध र व्यवस्थित संयोजनका माध्यमबाट यस कथाको कथानकको आदिभागलाई सुगठित तुल्याइएको छ भने अन्य सङ्कटावस्था र चरमोत्कर्षताको सुहाउँदो ढङ्गले प्रयोग गरी यस कथाको मध्यभागलाई परिपाकमा पुऱ्याइएको छ । त्यसैगरी सङ्घर्षह्रास, फलागम, पुष्टीकरण र निष्कर्षणको उपयुक्त ढङ्गले प्रयोग गरी प्रस्तुत कथाको कथानकको अन्त्यभागलाई पनि व्यवस्थित तुल्याइएको छ । उपर्युक्त पक्षहरूको व्यवस्थापन विरहिणी दमयन्तीको केन्द्रीयतामा गरिएको छ । एकमात्र तृतीय पुरुषीय पात्र दमयन्तीको वैयक्तिक जीवनसँग सम्बद्ध विषयवस्तु, उसको पतिको खोजी गर्ने एकमात्र लक्ष्य तथा उसैको सेरोफेरोमा घटित घटनावली र कार्यव्यापारका माध्यमबाट यस कथाको कथानकको निर्मिति गरिएको छ । प्रस्तुत कथाको कार्यव्यापार र द्वन्द्व तथा कथानकप्रस्तुतिका गराइ, भनाइ र सोचाइगत उपायमा एकमात्र पात्र दमयन्तीको केन्द्रीयता कायम गर्ने पद्धतिको प्रयोगले यो कथा एकान्वितिपूर्ण, प्रभावकारी, जीवन्त, एउटामात्र प्रभाव उत्पन्न गर्न सक्ने तथा कलात्मक बनेको छ । अतः यस अध्ययनले रैखिक कथानकीय ढाँचा र एकमात्र पात्रको सर्वोपरिताका माध्यमबाट यस कथाको कथानकनिर्मिति गरिएको एवम् उक्त पद्धतिको प्रयोगले प्रस्तुत कथाको कथानक सुगठित, एकान्वितिपूर्ण, प्रभावकारी, जीवन्त र कलात्मक बनेको र यस्तो कथानकको निर्मिति गर्ने विशिष्ट सिर्जनात्मक सामर्थ्य कथाकार मदनमणि दीक्षितमा निहित रहेको तथा कथाकारलाई एकल पात्रको केन्द्रीयतामा कथाको कथानकको निर्मिति, समालोचक र अध्येतालाई उक्त कथानकीय पद्धतिको केन्द्रीयतामा कथाको कथानकको अध्ययन एवम् मान्छे सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणकारी विचारबाट अभिप्रेरित हुनुपर्ने विमर्श प्रवाहित गर्ने कार्यमा सघाउने निष्कर्ष प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भ सामग्री सूची


अरुणप्रकाश (सन् २०१४). *कहानीके फलक.* अंतिका प्रकाशन ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त नेपाली शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

गुप्त, शान्तिस्वरूप (सन् २००६). *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त* (नवीन संस्क.). अशोक प्रकाशन ।

जैन, निर्मला (सन् २०००). *कथाप्रसंग : यथाप्रसंग.* वाणी प्रकाशन ।

दीक्षित, मदनमणि (२०७८). विरहिणी दमयन्ती. *अनिवार्य नेपाली कक्षा १२.* पाठ्यक्रम विकास केन्द्र, पृ. १४–२० ।

थापा, मोहनहिमांशु (२०६६). *साहित्यपरिचय* (पाँचौं संस्क.). साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् १९७८/२०११). *आख्यानका कुरा* (पुनर्मुद्रित संस्क.). एकता बुक हाउस प्रा.लि. ।

बरई, त्रिभुवन (२०८०). आख्यानात्मक संरचना : सिद्धान्त र प्रयोग. *बर्दघाट प्रज्ञा दर्पण,* १(१), ८०-९९ ।

बरई, त्रिभुवन (२०८०). *भवानी भिक्षुका कथामा दृष्टिविन्दु* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय ।

बराल, ऋषिराज (२०६३). *उपन्यासको सौन्दर्यशास्त्र* (दोस्रो संस्क.). साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९). *कथासिद्धान्त.* एकता बुक्स डिस्ट्रिब्युटर्स ।

बराल, कृष्णहरि (२०७८). *कथासिद्धान्त* (दोस्रो संस्क.). एकता बुक्स डिस्ट्रिव्युटर्स ।

रामप्रकाश (सन् १९९४). *भारतीय एवम् पाश्चात्य काव्यशास्त्र.* विद्याविहार ।

शर्मा, मोहनराज (२०६३). *समकालीन समालोचना सिद्धान्त र प्रयोग* (दोस्रो संस्क.). अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.* ओरिएन्टल पब्लिकेसन हाउस ।

श्रेष्ठ, दयाराम (२०३९). *पच्चीस वर्षका नेपाली कथा.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६६). *अभिनव कथाशास्त्र.* पालुवा प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, दयाराम (२०७९). *कथा दर्शन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।